हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल,२०७३

**सूचना नं. ८**

(सूचना प्रकाशित मिति : २०७९ /०८/१५ गते)

हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको सासापुर स्वास्थ्य चौकीको लागि निम्न पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www.harionmun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद नाम | संख्या |
|---|---|---|---|
| १ | ७/२०७९/०८० | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं | १ जना |

२. **योग्यता र अनुभव :**

२.१ नेपाली नागरिक ।

२.२ न्यूनतम शैक्षिक योग्यता :

मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उत्तीर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता एवं नवीकरण भएको ।

२.३ २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

२.४ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

२.५ अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. **परीक्षाको किसिम :** अन्तर्वार्ता ।

४. **परीक्षा दस्तुर :** रु. १०००/- (एक हजार) बुझाउनु पर्नेछ ।

५. **पारिश्रमिक तथा अन्य सेवा सुविधा :** सेवा करार बमोजिम हुनेछ ।

६. **दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

७. दरखास्त फारम इमेल (harionmunicipality@gmail.com) मार्फत पनि पठाउन सकिने छ ।

८. परीक्षा दस्तुर नेपाल बैंक लिमिटेड, हरिवन, सर्लाही शाखामा हरिवन नगरपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता (खाता नम्बर ग-१-१ १३२०३०००००१००१००००१) मा जम्मा गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत